श्री ५ को सरकार

कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०२४ सालको ऐन नं. २६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

नहर तथा विद्युत र तत सम्बन्धी जलस्रोतको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:– सर्वसाधारण जनताको सुबिधा तथा आर्थिक हित कायम राख्नको निमित्त नदी, खोला, ताल, झरना र भूगर्भीय जलस्रोतहरू जस्ता महत्वपूर्ण राष्ट्रिय धनको उपयोग नियमित गर्न, र

विद्युत शक्तिको उत्पादन र वितरणलाई नियन्त्रित गरी विद्युत शक्तिको समुचितरूपमा विकास गर्न तथा विद्युत व्यवसायीहरूलाई विद्युत शक्तिको उत्पादन र वितरण गर्ने अधिकार तथा सुबिधाहरू प्रदान गर्न, र

सिंचाइ सम्बन्धी आवश्यक कानूनी व्यवस्था गरी सिंचाइको समुचितरूपमा विकास गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

६२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "नहर तथा विद्युत र तत सम्बन्धी जलस्रोत ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "जलस्रोत" भन्नाले श्री ५ को सरकारबाट समय समयमा राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको नदी, खोला, ताल, र झरनाको साथै अन्य कुनै प्रकारको प्राकृतिक जलाशय तथा भूगर्भीय पानीलाई सम्झनु पर्छ ।

(ख) "विद्युत शक्ति" भन्नाले पानी, कोइला, डिजेल वा अन्य कुनै साधनबाट उत्पादन हुने विद्युत शक्ति सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले यस ऐन अन्तर्गत प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) "अनुमतिपत्र पाउने व्यक्ति" भन्नाले यस ऐन अन्तर्गत अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले यो ऐन वा यस ऐन अन्तर्गतको नियम बमोजिम अधिकार प्राप्त गर्ने व्यक्ति, पंचायत वा अरू संगठीत संस्था समेतलाई जनाउंछ ।

(ङ) "ग्राहक" भन्नाले अनुमतिपत्र पाउने व्यक्तिबाट पानी वा विद्युत शक्ति प्राप्त गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "पानीपोत" भन्नाले ग्राहकबाट यस ऐन बमोजिम लिइने पानीपोत सम्झनु पर्छ ।

(छ) "महसूल" भन्नाले ग्राहकबाट यस ऐन बमोजिम लिइने विद्युत शक्तिको मूल्य सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गतको नियम वा आदेशद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. जलस्रोतको उपभोगः– (१) यसऐन बमोजिम अनुमतिपत्र नलिई कसैले कुनै जलस्रोतको उपभोग गर्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, देहायको कुनै प्रयोजनका लागि कुनै जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनु पर्ने छैनः–

(क) आफ्नो निजी दैनिक व्यवहार चलाउन,

(ख) घरेलु उद्योगको निमित्त पन चक्की चलाउन,

(ग) पानी घट्टा वा कुलो चलाउन,

(घ) ट्युवेल राखी भूर्गभिय पानीबाट सिंचाई गर्न ।

(ङ) यो ऐन प्रारम्भ हुनु अगावै वा पछि बनेका वा बनिने श्री ५ को सरकारका जल विद्युत तथा बाँध, नहर योजनामा प्रतिकूल प्रभाव नपार्ने गरी खहरे, ढल, खोला, नाला, पोखरी, कुवा, तलाउ, कुलो बांध, पैन र नदीहरूबाट सामुहिक वा व्यक्तिगतरूपबाट स्थानीय जनताले आफ्नो परिश्रम र धन लगाई सिंचाई गर्न ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उप-दफाको प्रति बन्धात्मक वाक्यांशमा लेखिए बाहेकका अरू कुनै प्रयोजनको लागि यो ऐन प्रारम्भ हुनु भन्दा अगावै कसैले तत्काल प्रचलित नेपाल कानून वमोजिम कुनै जलस्रोतको उपयोग गर्न अधिकार प्राप्त गरेको रहेछ भने निजले सम्वन्धित जलस्रोत यो ऐन अनुसारको जलस्रोत घोषित भएको मितिले १ वर्ष भित्र यस ऐन वमोजिम अनुमतिपत्रलिई सक्नु पर्छ। सो वमोजिम अनुमतिपत्र नलिएमा निजको अधिकार स्वतः समाप्त भएको मानिनेछ ।

४. विद्युत शक्तिको उत्पादन र वितरणः– (१) यस ऐन वमोजिम अनुमतिपत्र नलिई कसैले विद्युत शक्तिको उत्पादन, वितरण वा सर्भेक्षण गर्न हुँदैन।

(२) उप-दफा (१) र दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अगाडी नेपाल विद्युत ऐन, २०२० अन्तर्गत दिइएका र यो ऐन प्रारम्भ हुँदाका वखतसम्म कायम रहेका अनुमतिपत्र यसै ऐन वमोजिम दिइए सरह मानी कायम रहनेछ ।

तर, त्यस्तो अनुमतिपत्र अन्तर्गत विद्युत शक्तिको उत्पादन वा वितरण गर्दा यो ऐन र यस ऐन अन्तर्गतको नियम वा आदेशको अधिनमा रही गर्नु पर्छ ।

५. अनुमतिपत्रः– (१) दफा ४ को उप–दफा (१) को प्रतिवन्धात्मक वाक्यांशमा लेखिएको बाहेकका प्रयोजनको निमित्त कसैले कुनै जलश्रोतको उपयोग गर्न चाहेमा तोकिएको ढाँचामा देहायको ब्विरण खोली तोकिएको अधिकारी समक्ष दरखास्त दिनुपर्छः–

६२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दरखास्तवालाको पूरा नाम, ठेगाना तथा पेशा,

(ख) उपयोग गरिने पानीको परिमाण र उपयोग गर्ने प्रयोजन,

(ग) पानी उपयोग गर्ने ठाउँ र उपयोग भएको पानी निकाशी हुने ठाउँ,

(घ) प्रचलित नेपाल कानून र अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालन गर्न मन्जुर छ भन्ने कुरा, र

(ङ) तोकिए बमोजिमका अन्य विवरणहरू ।

(२) कसैले विद्युत शक्तिको उत्पादन वा वितरण गर्न चाहेमा तोकिएको ढांचामा वेहायको विवरण खोली तोकिएको अधिकारी समक्ष दरखास्त दिनु पर्छः–

(क) दरखास्तवालाको पूरा नाम, ठेगाना तथा पेशा,

(ख) विद्युत शक्ति उत्पादन वा वितरण गर्ने स्थान,

(ग) विद्युत शक्ति उत्पादन वा वितरण गर्ने विद्युत शक्तिको परिमाण,

(घ) कुन प्रकारबाट विद्युत शक्ति उत्पादन वा वितरण गर्ने हो त्यस्को विवरण,

(ङ) प्रचलित नेपाल कानून र अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालन गर्न मन्जुर छ भन्ने कुरा, र

(च) तोकिए बमोजिमको अन्य विवरणहरू ।

(३) कसैले जलश्रोतको वा विद्युत शक्तिको उत्पादन, वितरण वा प्रशारणको सर्भेक्षण गर्न चाहेमा तोकिएको ढांचामा तोकीएको विवरण खोली तोकीएको अधिकारी समक्ष दरखास्त दिनु पर्छ ।

(४) उप-दफा (१), (२) वा (३) अन्तर्गत परेको दरखास्तमा तोकिएको अधिकारीले जांची र आवश्यक भएमा आर्थिक, प्राविधिक वा अन्य किसिमको जांचबुझ समेत गराई मनासिब देखिएमा तोकिए बमोजिमको ढांचामा दरखास्तवालालाई अनुमति-पत्र दिन सक्नेछ ।

(५) यस ऐन बमोजिम दिएको अनुमतिपत्र-

(क) तोकिएको अधिकारीको स्वीकृति नलिई अरूलाई बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तर गर्न हुँदैन ।

(ख) सार्वजनिक हितको लागि आवश्यक भएमा वा अनुमतिपत्र पाउने व्यक्तिले तत्सम्बन्धी सर्त तथा प्रचलित नेपाल कानूनको उल्लंघन गरेमा तोकिएको अधिकारीले स्थगित, संशोधन वा खारेज गर्न सक्नेछ ।

(६) यस ऐन अन्तर्गत अनुमतिपत्र पाउने व्यक्तिले श्री ५ को सरकारमा तोकिए बमोजिमको दस्तुर तथा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, तोकिएको अवस्थामा वा तोकिएको व्यक्तिलाई त्यस्तो दस्तुर वा शुल्क नलाग्नेगरी छुट दिन सकिनेछ ।

६. श्री ५ को सरकारद्वारा प्राप्ती तथा अधिग्रहणः– (१) विद्युत तथा सिंचाइको वृहत् तथा विस्तृत व्यवस्था गर्न आवश्यक भएमा श्री ५ को सरकारले कुनै पनि विद्युत तथा सिंचाई प्रतिष्ठान तथा तत् सम्बन्धी उपकरणहरू क्षतिपूर्ति दिई प्राप्त गर्न सक्नेछ ।

(२) उप-दफा (१) अन्तर्गत दिइने क्षतिपूर्ति प्राप्त गरिएको जग्गा जमीन, भवन तथा सरसामानहरूका वर्तमान मूल्य (त्यसमा भएको टूटफूट र साधारण प्रयोगबाट भएको ह्रास कटाई) को आधारमा निर्धारित गरिनेछ ।

(३) यस दफा बमोजिम प्राप्त गरिएका नहर, बांध, विद्युत प्रतिष्ठान, अन्य कुनै निर्माण कार्य, तथा तत्सम्बन्धी जग्गा जमीन र सरसामानहरू श्री ५ को सरकारले आफै सञ्चालन गर्न वा अन्य कुनै व्यक्तिलाई बिक्री गरी वा नगरी सञ्चालन गर्न दिन सक्नेछ ।

(४) अनुमतिपत्र पाउने कुनै व्यक्तिले आफूले अनुमतिपत्र पाए बमोजिमको जल-स्रोत वा विद्युत शक्ति सम्बन्धी काम नियमित र सुव्यवस्थितरूपले चलाउन सकेको छैन भन्ने लागेमा श्री ५ को सरकारले निजको जलस्रोत वा विद्युत प्रतिष्ठान तथा तत्सम्बन्धी सरसामान र जग्गा जमीन अधिग्रहण गरी सो नियमित र सुव्यवस्थित नहुञ्जेल आफैले वा अन्य कुनै व्यक्तिद्वारा सञ्चालन गर्न गराउन सक्नेछ ।

७. पानीपोत, विद्युत महसूल तथा अन्य दस्तूरः– (१) अनुमतिपत्र पाउने व्यक्तिले ग्राहकबाट पानीपोत, विद्युत महसूल वा तत्सम्बन्धी अन्य कुनै दस्तूर लगाई असूल गर्न पाउनेछ । तर यस्तो पोत, महसूल वा दस्तूर लगाई असूल गर्नुभन्दा अगावै तत्सम्बन्धी दरहरूको सम्बन्धमा श्री ५ को सरकारबाट पूर्व स्वीकृति लिनुपर्छ ।

(२) उप-दफा (१) को प्रयोजनका लागि पानीपोत, विद्युत महसूल तथा अन्य दस्तूरहरू स्वीकृत गर्ने कुराका सम्बन्धमा श्री ५ को सरकारलाई सल्लाह दिन श्री ५ को सरकारले ग्राहक तथा सम्बन्धित व्यवसायिहरू समेतको प्रतिनिधित्व हुने गरी समितिको गठन गर्न सक्नेछ ।

८. अरूको जग्गा जमीनको उपयोग वा प्राप्तिः– (१) श्री ५ को सरकारले वा श्री ५ को सरकारको पूर्व स्वीकृतिलिई अनुमतिपत्र पाउने व्यक्तिले अनुमतिपत्रमा उल्लेख भए बमोजिम देहायका कुनै प्रयोजनको निमित्त अरूको जग्गा जमीन प्राप्त गर्न सक्नेछः–

(क) बांध बांध्न वा बांध्न लगाउन,

(ख) नहर वा कुलो खन्न वा खन्न लगाउन,

(ग) जमीनमाथि वा मुनि पाइप लाइन बिछ्याउन वा बिछ्याउन लगाउन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पोखरी वा जल वितरण केन्द्र स्थापित गर्न वा गर्न लगाउन,

(ङ) विद्युत उत्पादन केन्द्र, प्रसारण केन्द्र, रूपान्तर केन्द्र वा वितरण केन्द्र निर्माण गर्न वा गर्न लगाउन,

(च) बिजुलीको लट्टा गाड्न वा गाड्न लगाउन,

(छ) जमीनमाथि वा मुनिबाट बिजुलीका तार वा लाइन जडान गर्न वा गर्न लगाउन, र

(ज) अरू आवश्यक निर्माण कार्य गर्न वा गराउन ।

(२) श्री ५ को सरकार वा अनुमतिपत्र पाउने व्यक्तिबाट अधिकार प्राप्त व्यक्तिले उप-दफा (१) मा लेखिएको कुनै काम गर्न वा सो उप-दफा बमोजिम निर्माण भएका कार्यहरूको निरीक्षण वा स्याहार संभार गर्न जुनसुकै जग्गा जमीनमा प्रवेश गर्न सक्नेछ ।

(३) श्री ५ को सरकारले वा श्री ५ को सरकारको पूर्व स्वीकृतिलिई अनुमतिपत्र पाउने व्यक्तिले उप-दफा (१) बमोजिमको कुनै निर्माण कार्य भएको ठाउं वा सो ठाउंको दुबैपट्टि तोकिए बमोजिम दूरीमा पर्ने जग्गा जमीनहरू अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी निशेध गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम श्री ५ को सरकार वा अनुमतिपत्र पाउने व्यक्तिले अरूको जग्गा जमीन प्राप्त गरेकोमा सो वापत जग्गावालालाई मनासिब माफिकको क्षतिपूर्ति दिनुपर्छ ।

(५) उप-दफा (१) वा (२) को प्रयोजनको निमित्त मानिस बसोबास गरिरहेको कुनै घरमा प्रवेश गर्नु परेमा सो घरमा तत्काल बसोबास गरिरहेको व्यक्तिलाई पूर्व सूचना दिएर मात्र प्रवेश गर्न सकिनेछ ।

तर,पानी वा विद्युत शक्तिको दुरुपयोग वा चोरी भैरहेको शङ्का हुने मनासिब माफिकको कारण भै सो घरमा जांच गर्न वा कुनै दूर्घटनालाई बचाउन तोकिएको अधिकारीले यो उप-दफा बमोजिम पूर्व सूचना दिन आवश्यक हुनेछैन ।

९. श्री ५ को सरकारले जलस्रोतको उपयोग वा विद्युत शक्तिको उत्पादन तथा वितरण गर्न बाधा नहुनेः— (१) श्री ५ को सरकारले कुनै जलस्रोत वा विद्युत शक्तिको विकास आफैले गर्न यस ऐनमा लेखिएका कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

(२) उप-दफा (१) बमोजिम श्री ५ को सरकारले विकास गरेको जलस्रोतको पानी वा विद्युत शक्ति आफैले वा कुनै अरू संस्था वा व्यक्तिद्वारा बिक्री बितरण गर्न गराउन सक्नेछ ।

१०. निरीक्षणः— यो ऐन र यस ऐन अन्तर्गतको नियम तथा अनुमतिपत्रमा लेखिएका शर्तहरूको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पालन भएको छ वा छैन भन्नेकुरा जांचबुझ गर्न श्री ५ को सरकारले निरीक्षक खटाउन सक्नेछ ।

११. निर्देशन दिने अधिकारः– सार्वजनिक हितको लागि वा जलश्रोत वा विद्युत उत्पादन तथा वितरणको समुचित व्यवस्था गर्नका लागि अनुमतिपत्र पाउने व्यक्तिलाई श्री ५ को सरकारले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु त्यस्तो व्यक्तिको कर्तव्य हुनेछ ।

१२. सल्लाहकारको नियुक्तः– श्री ५ को सरकारले यो ऐन कार्यान्वित गर्ने विषयसंग सम्बन्धित जुनसुकै कुरामा सल्लाह लिन आवश्यकतानुसार सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

१३. सजायः–(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गतको नियम आदेश वा निर्देशनको बर्खिलाप कुनै काम गरेमा निजलाई रु. ५। पांच देखि रु ५००। पांचसयसम्म जरिवाना हुनेछ र निजले अनुमतिपत्र पाएको रहेछ भने त्यस्तो अनुमतिपत्र समेत श्री ५ को सरकारले निलम्बन वा खारेज गर्न वा अनुमतिपत्र नलिई जलस्रोत वा विद्युत उत्पादन तथा वितरण सम्बन्धी काम गरेको रहेछ भने त्यस्तो काम समेत बन्द गराउन सक्नेछ ।

(२) कुनै व्यक्तिले श्री ५ को सरकार वा अनुमतिपत्र पाएको कुनै व्यक्तिको नहर, बांध, जलस्रोत सम्बन्धी कुनै निर्माण कार्य वा विद्युत प्रतिष्ठान वा तत्सम्बन्धी सरसामानलाई जानी जानी नोक्सानी गरेमा वा श्री ५ को सरकार वा त्यस्तो व्यक्तिबाट वितरण भएको पानी वा विद्युत शक्तिको चोरी गरेमा वा श्री ५ को सरकार वा त्यस्तो व्यक्तिलाई हानी नोक्सानी हुने गरी पानी वा विद्युत शक्तिको दुरुपयोग गरेमा वा त्यस्तो कुनै काम गर्ने उद्योग गरेमा वा दफा ९ मा लेखिएको कुनै काम कारवाहीमा बाधा विरोध गरेमा निजलाई विगो असूल गरी विगो बमोजिम जरिवाना वा ६ महीनासम्म कैद वा दुबै सजाय हुनेछ ।

१४. नियम बनाउने अधिकारः– (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन वा आदेश जारी गर्न सक्नेछ र सो नियम वा आदेशहरू नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू भएको मानिनेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी श्री ५ को सरकारले खास गरी देहायका विषयमा नियम बनाउन वा आदेश जारी गर्न सक्नेछः–

(क) अनुमतिपत्रको लागि दिइने दरखास्तको ढांचा र त्यसमा खुलाउनु पर्ने विवरणहरू,

(ख) अनुमतिपत्रको लागि दरखास्त लिने अधिकारी,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अनुमतिपत्रको वा इजाजत पत्रको ढांचा र तत्सम्बन्धी दस्तूर तथा वार्षिक शुल्क र अन्य कुराहरू,

(घ) वितरण गर्ने पानीको गुण तथा स्तर,

(ङ) नहर, बांध तथा जलस्रोत सम्बन्धी अन्य कुनै निर्माण कार्यकोस्तर तथा विद्युत शक्तिको उत्पादन, वितरण, प्रसारण तथा उपयोगको तरीका तथा शर्त बन्देजहरू,

(च) नहर, बांध तथा जलस्रोत सम्बन्धी अन्य कुनै निर्माण कार्य गर्दा वा विद्युत शक्तिको उत्पादन, वितरण तथा प्रसारण गर्दा उपयोग हुने सरसामानहरूकोस्तर तथा उपयोग गर्ने तरीका,

(छ) निरीक्षकको अधिकार तथा कर्तव्य ,

(ज) पानीपोत सम्बन्धी कुराहरू,

(झ) विद्युत महसूल सम्बन्धी कुराहरू,

(ञ) दूर्घटना तथा त्यसको जांचबुझ,

(ट) अनुमतिपत्रको बहाल रहने अवधि, नवीकरण, संशोधन वा खारेजी,

(ठ) जलश्रोतको सर्भेक्षण, नियन्त्रण, उपयोग तथा पानीबाट हुने हानिकारक प्रभावको रोकथाम गर्ने सम्बन्धी कुराहरू,

(ड) पानीलाई दुषित पार्न रोक लगाउने कुराहरू,

(ढ) औद्योगिक, व्यवसायिक वा अरू कुनै प्रकारको उपयोगबाट खेर गएको पानीको व्यवस्था, र

(ण) अन्य आवश्यक कुराहरू ।

१५. खारेजीः– (१) देहायका नेपाल ऐनहरू खारेज गरिएका छन्ः–

(क) सिंचाई ऐन, २०१८,

(ख) नेपाल विद्युत ऐन, २०२०, र

(ग) बिजुली, मोटर वा पावर नाउंसारी र ठाउं सारी ऐन, २०१८ ।

(२) यस ऐनसंग बाझिने अन्य प्रचलित नेपाल कानून बाझिएको हदसम्म खारेज भएको मानिनेछ ।

(३) उप–दफा (१) अनुसार खारेज गरिएको ऐन अन्तर्गत संगठित नेपाल विद्युत समितिको दायित्व तथा अधिकारहरू यो ऐन प्रारम्भ भएपछि श्री ५ को सरकारमा सर्नेछ ।

लालमोहर सदर मिति २०२४।७।६।२

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको का. मु. सचिव ।

६२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।